बैठक संख्याः १७४/०९/२०८१/०८२
मिति:२०८१/१२/१०
समय : बिहान १०.०० वजे

आज मिति २०८१/१२/१० गते आईतबार दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्टः प्रमुख प्रशासकीय अधिकृत सदस्य | सदस्य सचिव |

# १७४ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८१/१२/१० गते

**निर्णय नं. १:** १७३ औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २:** विद्यालय शिक्षा व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, २०८० लाई देहाय वमोजिम संसोधन गरि विद्यालय शिक्षा व्यबस्थापन अनुदान वितरण (प्रथम संशोधन) कार्यविधि, २०८१ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

देहायः

१) यस कार्यविधिको परिच्छेद २ दफा ७ खण्ड (ग) मा "नगरपालिकाको अनुदानमा" भन्ने शब्दको सट्टा देहाय वमोजिमको वाक्याङ्श थप गर्ने

देहायः

"स्वीकृत/राहत/संघीय शिक्षण सिकाइ सहयोग अनुदान र नगर शिक्षण सिकाइ सहयोग अनुदानमा"

२) यस कार्यविधिको परिच्छेद २ दफा ७ खण्ड (ग) पछि देहाय वमोजिम खण्ड (घ) थप गर्ने,

देहायः

"(घ) प्रत्येक सामुदायिक विद्यालयमा खण्ड "क," "ख" र "ग" मा भएको व्यबस्था बमोजिम तहगत स्थायी शिक्षक प्रधानाध्यापक व्यबस्थापन गर्ने र व्यबस्थापन गर्दा नगरपालिका भित्रका स्वीकृत/राहत/संघीय शिक्षण सिकाइ सहयोग अनुदान र नगर शिक्षण सिकाइ सहयोग अनुदान दरवन्दी वितरण/पुनर्वितरण तथा शिक्षक पदस्थापना नगर कार्यपालिकाले गर्न सक्नेछ।"

३) यस कार्यविधिको परिच्छेद ४ दफा १४ खण्ड (घ) पछि देहाय वमोजिम खण्ड (ङ) थप गर्ने,

देहायः

"विद्यालय व्यबस्थापन समितिले वरिष्ठतम स्थायी शिक्षकलाई निमित्त प्रधानाध्यापक तोक्ने वा प्रधानाध्यापक नियुक्तिका लागि प्रचलित कानून बमोजिम प्रकृया अगाडी बढाउनु पर्नेछ। व्यबस्थापन समितिले निमित्त प्रधानाध्यापक वा प्रधानाध्यापक तोक्न नसकेमा वा तोकीएको शिक्षकले जिम्मेवारी लिन स्वीकार नगरेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।"

४) यस कार्यविधिको परिच्छेद ४ को दफा १५ खारेज गर्ने ।

**निर्णय नं. ३:** स्थानीय संघ संस्था दर्ता सम्बन्धी ऐन २०८० को दफा ४ को उपदफा (४) बमोजिम देहायका संघ संस्थाहरु दर्ता गर्ने ।

देहायः

क) श्री सिद्धनाथ बैजनाथ गौरी मन्दिर संरक्षण समिति, शुनपा ११ कंचनपुर ।
ख) श्री सिद्ध बैजनाथ मन्दिर संरक्षण समिति, शुक्लाफाँटा १, कंचनपुर ।
ग) श्री शिव मन्दिर व्यबस्थापन समिति, शुक्लाफाँटा १, कंचनपुर ।
घ) श्री शुक्लाफाँटा ब्याटमिन्टन संघ, शुक्लाफाँटा नपा-१० ।

**निर्णय नं. ४:** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कंचनपुरको च. नं. १८९ मिति २०८१/१०/२७ को पत्रानुसार विपन्न वर्गको जिविकोपार्जन सुधारका लागि पशुपंछी तथा मत्स्यपालन सहयोग कार्यक्रम संचालनको लागि १२ वडा मध्ये १ वडा छनौट गर्नु पर्ने भएकाले सो कार्यक्रमको लागि ११ नं. वडा छनौट गर्ने निर्णय गरियो, साथै छनौट भएको वडाले समावेशी प्रतिनिधित्व हुने गरि १६ जना कृषक छनौट नगरपालिकामा पठाउने निर्णय गरियो।

**निर्णय नं. ५:** जिल्ला अदालत महेन्द्रनगर कंचनपुरको च. नं. ७९८१ मिति २०८१/१२/०५ गतेको पत्र बमोजिम अदालत परिसरमा सेवाग्राहीका सवारी साधन पार्किङको लागि टहरा निर्माण गर्न रू १,५०,०००।– (एक लाख पचास हजार रुपैयाँ मात्र) समपुरक कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं. ६:** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च. नं. १४८ मिति २०८१/११/२३ गतेको पत्र अनुसार यस नगरपालिकामा सुरक्षित आप्रवासन(SaMi) कार्यक्रम (आ. व. २०८१/८२ देखि २०८४/८५) संचालनका लागि चालु आ. व. मा रू. २,५८,०५०।– (दुई लाख अन्ठाउन्न हजार पचास रुपैयाँ मात्र) मात्र समपुरक कोषबाट साझेदारी गर्ने र सोही व्यहोराको प्रतिबद्दता पत्र सम्बन्धित मन्त्रालयलाई लेखि पठाउने ।

**निर्णय नं. ७:** खेलकुद शिक्षक सम्बन्धि कार्यविधि मस्यौदा अध्ययनका लागि सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई उपलब्ध गराउने ।

**निर्णय नं. ८:** आ. व. २०८१/८२ मा सडक बोर्ड नेपालको अनुदानमा स्वीकृत योजना ठेक्का बाट संचालन गर्दा बचत भएको रकममा नगरपालिकाको ३०% साझेदारी रहने गरि तपसिल बमोजिमका योजना कार्यक्रम स्वीकृतिका लागि सडक बोर्ड नेपाललाई लेखि पठाउने।

**तपसिल:**

१) वडा नं. १२ बेलौरी सडक पुर्व दुवाहा ट्रान्सफर्मर सम्म सडक स्तरोन्नति

२) वडा नं. १ गणेशपुर मझौला टोल भिम बहादुर रानाको घर देखि भक्तराज भट्टको घर सम्म सडक स्तरोन्नती

३) वडा नं. २ हर्क बहादुर बमको घर देखि ढकनिया हुदै मितेरी पुल सम्म सडक स्तरोन्नती

४) वडा नं. ३ प्रकाश स्मृति चोक देखि राधाकृष्ण टोल हुदै सुनवरा नदि सम्म सडक स्तरोन्नती

**निर्णय नं. ९:** शुक्लाफाँटा नगरपालिका ११ नं. वडा कार्यालय दीपनगरको च. नं. ७७५ मिति २०८१/१०/२२ गतेको सिफारिस पत्र अनुसार सिद्दनाथ विपद व्यबस्थापन समिति, कलुवापुरलाई नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA), महेन्द्रनगर संग जैविक तटबन्ध निर्माणमा साझेदारी गर्ने प्रयोजनका लागि रू ३५,०००।— (पैतिस हजार रुपैयाँ मात्र) समपूरक कोषबाट उपलब्ध गराउने।

**निर्णय नं. १०:** जिल्ला समन्वय समिति मार्फत कार्यान्वयन हुने वडा नं. ५ आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण योजना परिवर्तन गरि उक्त रकम शुनपा-५ अन्तरगत गर्जमुनी अनकली चौधरीको घर देखि खजुवा जाने सडक बाटो कालोपत्र योजना कायम गरी प्रकृया अगाडी बढाउन जिल्ला समन्वय समितिलाई सिफारिस गर्ने ।

**निर्णय नं. ११:** शुक्लाफाँटा नगरपालिका, वडा नं. ८ स्थित अनौखी खोलामा ढुङ्गा गिट्टी तथा नदिजन्य पदार्थ व्यबस्थापनको लागि ठेक्का सम्झौता भएको कालिका भगवती बिल्डर्स प्रा. लि. को मिति २०८१/१२/१० गतेको निवेदन वमोजिम उक्त फर्मलाई उत्खननको लागि तपसिल वमोजिमका ढुवानी साधन तथा उपकरणहरु प्रयोग गर्न अनुमति दिने ।

देहायः

क) रा. १ क. ८९७ नम्बरको एक्साभेटर

ख)स. प. म. ०३-००१ क २१५४ नम्बरको लोडर

**निर्णय नं. १२:** वडा नं. ६ वनसमिति बजार नजिक रहेको सार्वजनिक शौचालय मर्मत सम्भारका लागि रु. १,००,०००।—(एक लाख रुपैयाँ मात्र) समपूरक कोषबाट खर्च गर्ने।

**निर्णय नं. १३:** राष्ट्रपती रनिङ शिल्ड संचालनका क्रममा पुरस्कार वितरणका लागि खर्च भएको रकम रू ८५ हजार समपूरक कोषबाट भूक्तानी दिने ।

**निर्णय नं. १४:** वडा नं. ११ बसन्त सामुदायिक वनको क्षेत्रमा प्रस्तावित चिस्यान केन्द्रको विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. १५:** वडा नं. १० स्थित नवनिर्मित नगर स्तरीय कभर्डहल (ठेक्का नं. SMP/079-80/NCB/BCW/24) मा बेन्च निर्माण, पानी व्यबस्थापन, व्याडमिन्टन नेट तथा पोल व्यबस्थापन, विद्युत मिटर जडान लगायतको अन्य व्यबस्थापन खर्च उक्त ठेक्काको कन्टिन्जेन्सीबाट व्यबस्थापन गर्ने ।

**निर्णय नं. १६:** जिल्ला क्रिकेट संघ कैलालीको आयोजनामा मिति २०८१/११/०७ गते देखि फाप्ला क्रिकेट मैदान धनगढीमा संचालित खेलमा यस नगरपालिकाको क्रिकेट टिम सहभागि गराउदा भएको खर्च रकम मध्ये रु ७०,०००।— (सत्तरी हजार रुपैयाँ मात्र) शुक्लाफाँटा नगर खेलकुद समिति सदस्य विवेक रावल लाई भूक्तानी दिने ।

**निर्णय नं. १७:** आ. व. २०८१/८२ मा तपसिल वमोजिमका तराई मधेश समृद्धि कार्यक्रमको ठेक्काबाट वचत रकममा नियमानुसार नगरपालिकाको समपूरक कोषबाट साझेदारी गरी थप निर्माण कार्य गर्ने निर्णय गरियो ।

तपसिलः

| सि. नं. | योजनाको नाम | श्रोत | साझेदारी | योजना स्थल |
|---|---|---|---|---|
| १ | वडा नं. ५ सामुदायिक भवन निर्माण ठे. न. SMP/081/82/NCB/BG/20 | तराई मधेश समृद्धि कार्यक्रम | ३० % | ५ नं. वडा कार्यालय परिसर भित्र |
| २ | वडा नं. ७ सामुदायिक भवन निर्माण ठे नं. SMP/081/82/NCB/BG/21 | तराई मधेश समृद्धि कार्यक्रम | ३० % | ७ नं. वडा कार्यालय परिसर भित्र |
| ३ | वडा नं. १२ शिवशक्ति मा. वि. शौचालय निर्माण ठे. नं. SMP/081/82/NCB/CW/24 | तराई मधेश समृद्धि कार्यक्रम | ३० % | शिवशक्ति मा. वि. परिसर भित्र |
| ४ | वडा नं. १० स्वास्थ्य चौकी निर्माण ठेक्का नं. SMP/081/82/NCB/BG/17 | तराई मधेश समृद्धि कार्यक्रम | ३० % | स्वास्थ्य चौकी भवन परिसर भित्र |